'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ८९ | सोमवार १० मंसिर, २०८१ | 25 (Monday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## कर्णालीमा विकास सम्भावनाको अध्ययन गरियो

नमस्ते समचारदाता

सुर्खेत, मंसिर/०९




कर्णाली प्रदेशमा आर्थिक विकासका लागि सम्भावनाको अध्ययन गरिएको छ । इन्टरनेसनल (आइडिया नेपाल) ले कर्णालीका ६ जिल्लामा आर्थिक सम्भावनाको विश्लेषण गरेको हो । रुकुमपश्चिम, दैलेख, जुम्ला, मुगु, सुर्खेत र जाजरकोटका विभिन्न क्षेत्रमा हुन सक्ने आर्थिक सम्भावनाको विश्लेषण गरिएको हो । विशेष गरी कृषि क्षेत्रमा हुन सक्ने आर्थिक सम्भावनाको पहिचान गरिएको छ । कृषि सर्वेक्षणका अनुसार प्रदेशमा सबैभन्दा बढी आलु उत्पादन हुने गरेको छ । प्रदेशमा १६ प्रतिशत आलु उत्पादन हुन्छ । ११ प्रतिशत सुन्तला र ६ प्रतिशत स्याउ उत्पादन हुने गरेको छ। गरिएको अध्ययनले पर्यटन प्रवर्द्धनबाट पनि आर्थिक लाभ लिन सकिने जनाएको छ। जसमा रारा ताल, सेफोक्सुण्डोजस्ता पर्यटकीय स्थलहरु दिगो पर्यटनका लागि सामुदायिक सशक्तीकरण होमस्टे सञ्चालन गर्न सकिने जनाइएको छ । यसै गरी अन्तरसीमा पर्यटनतर्फ भारत-नेपाल-चीन-कैलाश मानसरोवरलाई देखाइएको छ। प्रदेशका हिमाली जिल्लाबाट धेरै आर्थिक सम्भावना रहेको अध्ययनले औँल्याएको छ । उच्च मूल्यको औषधीय जडीबुटी र आवश्यक तेलहरू उत्पादन गर्न सकिने जनाइएको छ । चीनमा सोझो व्यापार गर्न सकिने बताइएको छ । जसमा ऐतिहासिक ट्रान्स हिमालयन व्यापार र मार्गहरू पुनरुत्थान गर्न सकिने अध्ययनमा उल्लेख गरिएको छ । बाँझो जमिनमा औषधीजन्य जडीबुटी र आवश्यक तेलको वैज्ञानिक खेतीलाई प्रोत्साहन गर्न सकिने जनाइएको छ। जडीबुटी र आवश्यक तेल (राष्ट्रिय व्यापारको) ३५ प्रतिशत गर्न सकिने अध्ययनले देखाएको आइडिया नेपालका कार्यक्रम संयोजक प्रमोद भगतले जानकारी गराएका छन् । अहिले उच्च मूल्यको तेल चीन र मध्यम मूल्यको तेल भारतमा निकासी हुने गरेको उनले जानकारी गराए । प्रदेशमा अहिले निर्वाहमूखी मात्र उत्पादन हुने गरेको छ। स्याउ र सुन्तलाको परम्परामा आधारित खेती गर्ने गरिएको छ । स्याउ र सुन्तला उत्पादनको यकिन अनुमान छैन । अध्ययनले कपास र ओखर खेतीको पनि सम्भावना देखाएको छ । अध्ययनले सडक सञ्जालमा पहुँचको विश्लेषण गरिएको छ । तिनै तहका सरकारको पहिलो प्राथमिकता सडक सञ्जाल विस्तार पाइएको उल्लेख छ । अहिले कर्णाली राजमार्ग र मध्य पहाडी राजमार्ग निर्माणाधीन अवस्थामा रहेको पाइएको छ । यसैबिच प्रदेशमा हुन सक्ने आर्थिक सम्भावनाका विषयमा छलफल गरिएको छ।

## रोजगारी नपाएपछि बिदेसिन बाध्य युवाहरु

नमस्ते समचारदाता

जाजरकोट, मंसिर/०९



आफ्नो देशमा रोजगारी नपाएपछि गाउँघरका युवा चाडपर्व मनासँगै भारत पलायन हुन बाध्य छन् । चाडपर्वलक्षित घर फर्किएका गाउँबस्तीका युवा स्थानीय मेला जात्रा सकिएपछि भारत जान थालेका हुन । गाउँमा रोजगारीको अवसर नहुँदा जीविकोपार्जनमा समस्या आउने भएपछि अधिकांश युवा तथा सर्वसाधारण भारत जाने गर्छन् । कोही भारत गएका छन् भने कोही उच्च शिक्षाका लागि सुर्खेत, नेपालगन्ज, काठमाडौँ, पोखरा, चितवन लगायतका सहर गएका छन् । गाउँघरमा महिला, वृद्धवृद्धा र बालबालिका मात्रै छन् । भेरी नगरपालिका-१३ का भुपबहादुर रावतका अनुसार बाह्रै महिना गाउँघरमा रोजगारी नपाउने भएपछि यहाँका बासिन्दा भारत जाने गर्छन् । स्थानीय तहले रोजगारीको अवसरसँगै सिप विकास गरी आत्मनिर्भर बनाउने कार्यक्रम तय नगर्दा दुई महिनाको श्रम रोजागरीले नपुग्ने भएपछि भारत जान थालेको रावतले बताए । सो वडाबाट करिब एक सयभन्दा बढी सर्वसाधारण भारत गएको जनाइएको छ। भेरी नगरपालिका -११, कटिगाउँ दलित समुदायको बाहुल्यता रहेका बस्ती हो । सो गाउँका करिब दुई सयभन्दा बढी बासिन्दा भारत पलायन भएका छन् । गाउँमै बसे बिहानबेलुकाको छाक टार्न मुस्किल देखेपछि कमाउनका लागि परिवार छोडेर मुग्लान पस्नु परेको भेरी नगरपालिका-११, कटिगाउँका हेमन्त नेपालीले बताउछन् । खेतीयोग्य जमिन पर्याप्त नहुँदा, १२ महिना रोजगारीबाट जीविकोपार्जन गर्ने गरेका सर्वसाधारण कामको सिलसिलामा भारतमा जाने गरेका छन् ।

## मृत्युपश्चात मानवअंग दान गर्नेका परिवारलाई २ लाख दिने निर्णय

नमस्ते समचारदाता

काठमाडौं, मंसिर/०९



स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मृत्यु पश्चात मानव अंग दान गर्न चाहने दाताका परिवारलाई रु २ लाख सहयोग गर्ने निर्णय गरेका छन् । यसअघि मानवअंग दान गर्न चाहने त्यस्ता परिवारलाई रु १ लाख रुपैयाँ दिने गरिएको थियो । भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमार्फत रु १ लाख रुपैयाँ दिने गरिएकामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दाताका परिवारलाई १ लाख थप गर्ने निर्णय मन्त्री पौडेलले गरेका हुन् । मन्त्री पौडेलको निर्णय कार्यान्वयनमा अर्थ मन्त्रालयले आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने गरी सहमति दिएको छ । मन्त्रालयको आन्तरिक श्रोतबाटै आवश्यक रकम व्यवस्थापन गर्ने गरी निर्णय गरिएको मन्त्री पौडेलले बताए। अंग दानमा सघाउने अस्पताललाई यसअघि दिने गरिएको रु ५० हजार रुपियाँमा मन्त्रालयले रु २५ हजार रुपियाँ थप गरेर रु ७५ हजार रुपैयाँ पुऱ्याएको छ । मन्त्री पौडेलले भने, 'आफ्नो मृत्यपुपछि अरुको जीवन बचाउन चाहनेलाई प्रोत्साहन गर्न खोजेका हौं', एउटाको जीवनपछि अरुको जीवन बचाउने कार्यमा यस निर्णयले व्यापकता पाउने आशा गरेका छौं ।' मन्त्री पौडेल स्वयंले समेत यसअघि नै अंगदान गर्ने घोषणा गरिसकेका छन् । देशभर हरेक वर्ष मिर्गौला प्राप्तिका लागि एक हजार र कलेजो प्राप्तिका लागि ५५ जनाले मानव अंग प्रत्यारोपण केन्द्रमा नाम लेखाउने गरेका छन् । विद्यमान कानूनी व्यवस्था अनुसार जीवित रगतको नाता पर्ने बाहेकले अंगदान गर्न पाउँदैनन् । तर, मृत्युपश्चात दान दिने गरी अंगदान गर्न पाउने व्यवस्था छ । मृत्यु भएको २४ घण्टाभित्र दिन सकिने अंग अरु जीवितलाई प्रत्यारोपण गर्न सकिन्छ । हाल नेपालमा मिर्गौला र कलेजो मात्र प्रत्यारोपण गर्ने गरिए पनि अब फोक्सो र मुटुका लागि समेत प्रत्यारोपण गर्ने गरी क्षमता विकास गर्ने तयारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरिरहेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ।


नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सामन्ती युग देखि हालसम्म कर्मचारीमा राजनीतिकरण

२००७ साल भन्दा पहिले भारदारी सभाले नै प्रशासनको काम गर्दथ्यो । राजदरवारबाट प्रशासन सञ्चालनको मुखिया मात्र होइन, सेनाको सेनापति समेत भारदारहरुको रायबाट चुनिन्थे । सेनापतिको नियुक्तिमा भारदारी सभा तथा वडामहारानीहरुको समेत हात रहन्थ्यो । एकीकरणको शुरुवाती कालमा गोर्खा राज्यमा सेनाको सेनापति कसलाई बनाउने भन्ने विषयमा भारदारीसभा बसेको थियो । सो सभामा राजा पृथ्वीनारायण शाहले विराज बखेतीलाई सेनापति बनाउने प्रस्ताव गरेका थिए । तर बहुमत भारदार र पृथ्वीनारायणकी जेठी मुमा चन्द्रप्रभावतीको अस्वीकृतिका कारण काजी कालु पाण्डे प्रधान सेनापतिमा नियुक्त भएका थिए । सामन्तवादी युगमा अन्य देशका प्रचलनहरु पनि यस्तै–यस्तै थिए । २००७ सालमा नेपालमा जहानियाँ राणा शासनको अन्त्य भयो । त्यो एक प्रकारको असफल पूँजीवादी क्रान्ति थियो । किनभने राणामा रहेको राज्य तथा प्रशासन सञ्चालनको नेतृत्व राजाको हातमा आयो । सामन्तवादको अन्त्य भएन । तर वि.सं. २००७ को घटनाले नेपाललाई जबरजस्त आधुनिकतामा प्रवेश गरायो । तर देशको प्रशासन चलाउने कर्मचारी, राजा र तानाशाही पञ्चायतप्रति उत्तरदायी हुनुपर्ने भन्ने कथित नैतिक मूल्यको अवधारणाले समग्र देशको प्रशासनिक संयत्रमा राजनीतिकरण भयो र देशमा कर्मचारीतन्त्र कायम भयो । २०६२/०६३ को अर्को ऐतिहासिक जनआन्दोलन र माओवादी जनयुद्धको परिणामका रुपमा लोकतान्त्रिक गणतन्त्र स्थापना भयोरुतर देशको प्रशासनमा राजनीतिकरण गर्ने युगको अन्त्य भएन । देशको समग्र प्रशासन र कर्मचारीहरु दलीय भागवण्डामा लागे । ती स्वतन्त्र भएनन् । सामन्तवादी युगमा कर्मचारीहरु व्यवस्था र राजाप्रति उत्तरदायी हुनुपर्दथ्यो । जनताप्रति उत्तरदायी हुनु भन्ने कुरा गौण विषय थियो । आज देशको प्रशासन र राज्य सञ्चालनको विधिमा कर्मचारीहरुको राजनीतिकरणका कारण देशको कर्मचारीतन्त्र आ–आफ्ना दलप्रति उत्तरदायी भएको तर जनताप्रति उत्तरदायी नभएको देखिन्छ । सामान्य कामलाई पनि भोलि भन्ने, टार्ने, सहज कामलाई पनि असहज बनाएर झञ्झट लगाउने पञ्चायती प्रवृत्ति आज पनि हराएको पाइन्न । देशका जति दुर्गम जिल्लामा गयो त्यत्तिकै मात्रामा यो समस्या गम्भीर भएको पाइन्छ । यो एउटा राष्ट्रिय चिन्ताकै कुरा हो ।

# विकासबारे स्पष्ट दृष्टिकोण

डा.ठाकुरप्रसाद भट्ट




विगतदेखिको विकासबारेको सोच, बुझाइ र अभ्यासको सरसर्ती मोटो समीक्षाले हाम्रा राजनीतिक दल, नेता र कार्यकर्तामा गम्भीर अन्योल रहेको प्रतीत हुन्छ । विकास नीति र योजना तर्जुमामा मूलतः राजनीतिक दलको धारणा र निर्वाचित राजनीतिक प्रतिनिधिकै भूमिका रहने गर्छ, रहनु पर्छ । सङ्घीय प्रणालीमा यो विषय सङ्घमा मात्र होइन, प्रदेश र स्थानीय सरकारको हकमा पनि उत्तिकै लागु हुन्छ । हालसम्मको विकासबारेको अभ्यास हेर्दा मूलतः आफ्नो निर्वाचन क्षेत्रमा बजेट थुपार्ने, प्रचारमुखी भौतिक विकासका योजनाले प्राथमिकता पाउने, टाठाबाठा कार्यकर्ता र प्रभावशाली समूहको माग अनुसारका योजनालाई प्राथमिकता दिने परम्परा छ । एउटा चुनावदेखि अर्को चुनावको बेलामा मात्र विकास एजेन्डा बन्नुले हाम्रो विकासको सोच र अभ्यास त्रुटिपूर्ण छ भन्ने देखाउँछ । भुइँ तहका जनसमुदायका रोजगारी र जीवन निर्वाह, स्वास्थ्यलाई सहज र सुलभ बनाउने, शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने विषय र उत्पादन र रोजगारीको मूल आधार कृषिको विकास गर्ने जस्ता विषय ओझेलमा परेका छन् । यसको थप परिणति सडक र अन्य भौतिक पूर्वाधार को तुलानात्मक विकास त भयो तर ग्रामीण बस्तीबाट मात्र होइन सहर बजारबाट समेत मानिस बिदेसिने गम्भीर समस्या देखा परिरहेको छ । के स्वदेशमा रोजगारी र जीवन धान्न सक्ने अवस्था र केटाकेटीका लागि सुलभ र गुणस्तरीय शिक्षा अनि सरल र मितव्ययी स्वास्थ्य सुविधा उपलब्ध हुँदा यसरी आम तवरमा बिदेसिने प्रवृत्ति हुने थियो होला ? विद्वान्हरूको मत छ की राजनीतिले व्यस्था परिवर्तन मात्र गर्दैन विकासको राजनीति पनि अघि बढाउन भूमिका खेल्ने गर्छ । राजनीतिले हामी कस्तो समाजमा बाँच्न चाहन्छौँ, कस्तो समाज सिर्जना गर्छौं र अर्को पुस्तालाई कस्तो समाज हस्तान्तरण गर्छौं भन्ने कुराको निर्धारण गर्छ । हामीकहाँ अल्पदृष्टिले काम गरेको छ । यहाँ सस्तो लोकप्रियता र हचुवा विकास हाबी भइरहेको छ । सर्वाङ्गीण र दिगो विकासबारे हाम्रा राजनीतिकर्मीमा सोच र बुझाइको अभाव देखिन्छ । यसबारे ज्ञान भएका पनि सस्तो लोकप्रियता र हचुवा विकासको शैलीलाई चिरेर नयाँ सर्वाङ्गीण र दिगो विकासको बाटो थालनी गर्ने हिम्मत गरिरहेको पाइएको छैन । यही कारणले अहिले आमजनमानसमा बुझेर नबुझेर एक किसिमको निराशा र असन्तुष्टि प्रकट भइरहेको छ । अब यो बिस्तारै सङ्कटका रूपमा खडा हुन थालेको छ । त्यसैले ढिलै भए पनि राजनीतिक दल र नेताहरूमा यसबारे चिन्ता जाग्न थालेको प्रतीत हुन्छ । यसको कारण चुनावी दाउपेचले प्रेरित भएर गरिने सस्तो लोकप्रियता र हचुवा विकास हो भन्ने बारे गम्भीर विचार-विमर्श भएको पाइँदैन । यसले के देखाउँछ भने हाम्रा राजनीतिक दल र राजनीतिकर्मीलाई विकासबारेको दृष्टिकोण र प्रक्रियाबारे ज्ञानको खाँचो छ । झट्ट हेर्दा राजनीतिक परिवर्तनका लागि लडेका दल र राजनीतिकर्मीले विकासबारे पनि ज्ञान हासिल गरेको हुन्छन् भन्ने लाग्न सक्छ । हालसम्मको अभ्यासले त्यो गलत देखाएको छ । हो, राजनीतिकर्मीमा राजनीतिक दर्शन र सिद्धान्त अनि राजनीतिक आन्दोलन र सङ्गठन निर्माणमा निपुणता भएको पाइन्छ । किनकि यो विषयमा निरन्तर प्रशिक्षण र बहस भएर नै यो दक्षता हासिल भएको हो भन्ने तथ्य बिर्सनु हुँदैन । राजनीति, सङ्गठन र आन्दोलनबारेको प्रशिक्षणबाट खारिएका दल, नेता र कार्यकर्ताले राजनीतिक परिवर्तनलाई साकार पारेको हाम्रो इतिहास छ । जब राजनीतिक परिवर्तनपछिको विकास र सुशासनको विषय छ, हाम्रो राजनीतिक वृत्त सदैव असफल रही आएको छ, जसले गर्दा आज यो तहको असन्तुष्टि समाजमा छाएको छ । राजनीतिकर्मीमा विकासबारेको सही सोच, यसको प्रक्रिया र व्यवस्थापनबारेको आधारभूत ज्ञान नहुनु नै हो भन्ने व्यवहारत देखिएको छ । सङ्घ, प्रदेश र स्थानीय तहमा गरी ठुलो संख्यामा निर्वाचित राजनीतिकर्मी देशको विकास र सुशासनको अभिभारा बोकिरहेका छन् । राज्यको साधनस्रोत, नीति, योजना, समस्त निकाय यसैका लागि लागि परेका छन् । विकास र सुशासन सही बाटोमा अघि नबढ्नुमा यसको नेतृत्व गर्ने राजनीतिकर्मीमा यसबारेको आधारभूत तहको ज्ञान र सिपको अभाव हो भनेर सोच्ने बेला आएको छ । यही कमी पूरा गर्न राजनीतिकर्मीलाई विकास र सुशासन बारे नियमित प्रशिक्षण हुन जरुरी देखिएको छ । हालसम्म दलहरूमा राजनीतिक र साङ्गठनिक विषयमा मात्र प्रशिक्षण दिने चलन रहिआएको छ । अबको आवश्यकता विकास र सुशासनबारेको प्रशिक्षणको देखिएको छ । फेरि यस्तो प्रशिक्षण चुनाव जितेकालई तत्कालका लागि दिएर पुग्दैन । जसरी राजनीतिक र साङ्गठनिक विषयमा सबै तहका कार्यकर्तालई दिने प्रचलन छ त्यसै गरी विकास र सुशासनबारे नियमित प्रशिक्षण र विचार-विमर्श गर्ने परिपाटी अवलम्बन गर्न जरुरी छ । प्रशिक्षणको अभावमा विकास र सुशासनबारेको विषयमा निर्वाचित राजनीतकर्मी पूर्णतः कर्मचारी तन्त्रमा निर्भर देखिन्छ । राजनीतिक पदाधिकारीले अपेक्षित तवरमा काम हुन नसक्दा कर्मचारी तन्त्रले काम गरेन वा सहयोग गरेन भन्ने गरेको पाइन्छ । यो राजनीतिकर्मीले आफ्नो कमजोरीको पहिचान गर्न नसकेको अवस्था हो । हो, कर्मचारीले काम नगरेको हुन सक्छ, भइरहेको पनि छ तर यो समस्याको समाधान खोज्न र कर्मचारीतन्त्रलाई जवाफदेही बनाउन राजनीतिकर्मीमा विकाससम्बन्धी आधारभूत ज्ञान र यसको प्रक्रियाबरे जानकारी हुनै पर्छ । कर्मचारीले सधैँ तथ्यमा आधारित सुझाव दिन्छन् भन्ने छैन । उनीहरू पनि कतिपयबाट प्रभावित हुन सक्छन्, सूचनामा सीमितता हुन सक्छ । कर्मचारीमा अध्ययन अनुसन्धानको बानी छैन । लगाए गराएको काम मात्र गर्ने, जवाफदेहिताबाट भाग्ने प्रवृत्ति कर्मचरी वर्गमा हुने गर्छ । यस्तो निकायलाई जवाफदेहीपूर्ण तवरमा परिचालन गर्न आदेश र निर्देशको भरमा होइन पद्धतिगत योजना प्रणाली र तथ्यसहितको वैज्ञानिक अनुगमन र मूल्याङ्कन प्रणाली जरुरी हुन्छ । राजनीतिककर्मीमा विकास नीति र योजनासम्बन्धी आधारभूत ज्ञान र दक्षता नहुँदा सरकार सञ्चालनमा निर्वाचित प्रतिनिधिभन्दा पनि निर्वाचन बाहिरबाट विज्ञ लिने कुराको वकालत पनि हुने गरेको छ । यो लोकतान्त्रिक प्रणालीसँग मेल खाने विषय होइन । बरु यसका लागि राजनीतिकर्मीका लागि राजनीतिबाहेक विकास नीति तथा योजनाबारेमा प्रशिक्षण हुनु उचित विकल्प हुन्छ । विकास नीति तथा योजनाको प्राविधिक पक्ष र कार्यान्वयनका लागि त बृहत् स्तरको कर्मचारी तन्त्र छँदै छ । कर्मचारीतन्त्रलाई सही तरिकाले निर्देशित गरी परिचालन गर्न विकास र योजनाबारे प्रशिक्षित वा जानकार राजनीतिकर्मीको खाँचो छ । यसको अभावमा राजनीतिकर्मी कर्मचारीमा पूरै आश्रित हुनु परेको छ । अझ दक्ष र इमानदार होइन आफू वा दलनिकटका कर्मचारी खोज्ने प्रवृत्तिले पूरै कर्मचारीतन्त्र दलीय राजनीतिले भद्रगोल बन्न पुगेको छ । यसो हुनुको मूल कारण राजनीतिक प्रतिनिधिमा विकास नीति र योजना र यसको व्यवस्थापनबारे आवश्यक ज्ञान वा जानकारी नहुनु हो । यस्तो अवस्थामा अब राजनीतिक दलले आफू मातहतका विषयगत विभागलाई बुद्धिजीवी विज्ञलाई आफ्नो दलमा आबद्ध गर्ने र बेलामौकामा राजनीतिक नियुक्तिको लोभ देखाएर उनीहरूको क्षमतालाई न्यूनीकरण गर्न होइन विकास, योजना र सुशासन जस्ता विषयमा प्रशिक्षण चलाउन परिचलान गर्न सक्नु पर्छ । अझ यसका लागि आफूनिकट विज्ञमा सीमित नभएर स्वतन्त्र विज्ञको मद्दत लिन सक्नु पर्छ । दलले परम्परागत सस्तो लोकप्रियतामुखी विकास गरेर एकअर्कामा प्रतिस्पर्धा गर्ने गलत शैली होइन देशको समस्या समाधान गर्ने दिगो र सर्वाङ्गीण विकासको सोच, नीति र योजनामा प्रतिस्पर्धा गर्नु पर्छ । हो, दलहरूबिच विकासका लागि पनि को उत्तम र सक्षम भन्ने स्वस्थ प्रतिस्पर्धा हुन जरुरी छ । त्यो प्रतिस्पर्धा अब विकासका स्रोतसाधनको सही परिचालन गर्न अर्थात् विकास खर्च प्रभावकारी बनाउन, उत्पादन बढाउन, रोजगारी सिर्जना गर्न, वातावरणमैत्री विकास गर्न, शिक्षा र स्वास्थ्यलाई सहज, सुलभ र गुणस्तरीय बनाउन, सेवा प्रवाह सरल सहज बनाउन हुनु पर्‍यो न कि उत्पादन र रोजगारी नदिने सस्ता लोकप्रियतामुखी हचुवा विकासमा । वरिष्ठ विकास तथा योजनाविद् डा. हर्क गुरुङको भनाइ स्मरणयोग्य छ । डा. हर्कले आफू योजना आयोगमा हुँदा सडकको माग गर्ने जनतालाई त्यो सडक के कस्ता उत्पादन बजारमा पठाउन आवश्यक परेको हो भनेर सोध्ने बुझ्ने गर्नु हुन्थ्यो । राजनीतिकर्मीमा विकासको सही सोच, नीति, योजना र विकास व्यवस्थापनको आधारभूत ज्ञान हुने हो भने विकासले सही बाटो लिने निश्चित छ, यो जनताको प्रत्यक्ष जीवनसँग जोडिने छ । यसको अर्थ राजनीतिकर्मीमा विकासबारेको विस्तृत प्राविधिक स्तरको ज्ञानको अपेक्षा गरिएको होइन । आधारभूत तहको ज्ञान भने जरुरी हुन्छ भन्ने हाम्रो अभ्यासले नै देखाएको छ । दलहरू राजनीतिक र साङ्गठनिक प्रशिक्षणमा सीमित नभएर राजनीतिकर्मीका लागि विकास प्रशिक्षणको अभियानमा जुटन जरुरी भइसकेको छ ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# भ्रष्टाचार नियन्त्रण गर्न नागरिक तहबाट खबरदारी गरौँ : मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता

सुर्खेत, मंसिर/०९



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले जारी गरेको आचार संहिता र निर्देशन कार्यान्वयन भए नभएको बारेमा नागरिकस्तरबाट खबरदारी गर्नुपर्ने बताउनुभएको छ। भ्रष्टाचार विरुद्धको स्वतन्त्र नागरिक समाज मञ्च प्युठानको एक प्रतिनिधि मण्डलसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा आइतबार भएको छलफलमा मुख्यमन्त्री आचार्यले भ्रष्टाचार निवारण गर्न प्रदेश सरकार दृढ रहेको बताउनु भएको हो । प्रदेश सरकाले भ्रष्टाचार नियन्त्रण गर्न पाँच बर्से रणनीतिक योजना कार्यान्वयनमा लगेको, मुख्यमन्त्री तथा मन्त्रीहरूलाई आचारसंहिता लागु गरेको, मन्त्रालय र निकायका लागि जारी १४ बुँदे निर्देशन जारी गरिसकेको छ । नागरिक तहमा बढ्दो निराशालाई आशामा बदल्नेगरी सरकारले योजनाबद्ध काम अघि बढाएको र त्यसको सफल कार्यान्वयनकोलागि नागरिक तहको साथ आवश्यक परेको बताउनुभयो । "भ्रष्टाचार निवारण गर्ने काम सरकारको एकल प्रयासले मात्रै सम्भव हुँदैन, त्यसमा नागरिकको खबरदारी जरुरी पर्छ," उहाँले भन्नुभयो,"म मुख्यमन्त्री भएर पहिलो निर्णय भ्रष्टाचार निवारण गर्न पाँच बर्से रणनीतिक योजना बनाउने प्रस्ताव स्वीकृत गरेको थिएँ । पाँच वर्षभित्र भ्रष्टाचार निवरणका लागि प्रदेश सरकारले रणनीतिक योजना बनाइसकेको छ। सरकारले बनाएका योजनाहरू कार्यान्वयन गर्न नागरिक सहभागिता जरुरी छ ।" प्रदेश सरकारले योजना कार्यान्वयनमा देखिएको बेथिति नियन्त्रण गर्न पाँच लाख भन्दा माथिका योजना प्रतिस्पर्धाबाट कार्यान्वयन गरेको, जसबाट योजना कार्यान्वयनमा हुने चलखेल रोकिने अवस्थामा पुगेको समेत बताउनु भयो । भ्रष्टाचार विरुद्धको स्वतन्त्र नागरिक मञ्च प्युठानका संयोजक कर्णध्वज केसीका नेतृत्वमा रहेको प्रतिनिधि मण्डलले मुख्यमन्त्री आचार्यलाई ज्ञापनपत्र बुझाउँदै भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न अनुरोध गरेको छ । सेवाको नाममा घुस र विकासको नाममा भ्रष्टाचार हुने गरेको भन्दै त्यसलाई रोक्नेगरी उच्चस्तरीय अनुगमन संयन्त्र बनाउन जोड दिइएको छ। भ्रष्टाचार नियन्त्रणका लागि लागु भएको पाँच बर्से रणनीतिक योजनामा मुख्यमन्त्री कार्यालयमा उच्च स्तरीय अनुगमन संयन्त्र बनाउने प्रावधान समेटेको छ । भ्रष्टाचार विरुद्धको स्वतन्त्र नागरिक मन्चका सदस्य ओमभक्त पण्डितले भ्रष्टाचार नियन्त्रण गर्न सरकारले थाल्ने अभियानहरू प्रभावकारी बनाउन जरुरी रहेको, नागरिक तहबाट प्राप्त गुनासाहरूको सम्बोधन छिटोछरितो हुनुपर्ने बताउनु भयो । साथै प्रतिनिधि मण्डलले प्युठान जिल्लामा दुई वटा चिस्यान केन्द्र बनेको तर, प्रयोगमा आउन नसकेको बारेमा मुख्यमन्त्री आचार्यलाई जानकारी गराएको छ । मुख्यमन्त्री आचार्यले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री र सचिव सँग यस बारेमा आफूले जानकारी लिने र प्रयोगका लागि उपयुक्त विकल्पहरू छानिने प्रतिबद्धता जनाउनु भयो।

# कोहलपुर नगर अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु

■ नमस्ते समचारदाता

कोहलपुर, मंसिर/०९



बाँकेको कोहलपुर नगर अस्पतालले केही महिना ढिला गरेरै भए पनि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरेको छ। गत भदौ १ गतेबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु गर्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले गत साउन २५ गते कोहलपुर नगर अस्पतालमा बिमा कार्यक्रम उद्धाटन गर्नुभएको थियो । कोहलपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख अनिल सेन ठकुरीले गत भदौ १ गतेबाट सेवा दिने तयारी गरिए पनि प्राविधिक कठिनाइका कारण ढिलो गरी सेवा सुरु भएको जानकारी दिँदै अब सेवा निरन्तर जारी रहने बताउनुभयो । स्वास्थ्य बिमा सुरु गरिएपछि कोहलपुर नगरपालिकाका बिमितहरुको गुनासोलाई ध्यानमा राख्दै, बनकटवा लगायत अन्य अस्पतालमा रेफरलका लागि जानु पर्ने बाध्यताको अन्त्य हुने विश्वास गरिएको छ। सेवा सुरु भएबाटै सेवा लिनेहरू पनि बढ्दै गएको कोहलपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख ठकुरीले बताउनुभयो । कोहलपुर नगरपालिकाले स्वास्थ्य बिमाका लागि लामो समयदेखि गरिरहेको प्रयासले सार्थकता पाएको जनाउँदै कार्यवाहक प्रमुख सङ्गीता सुवेदीले अब बिरामीलाई उपचारमा सहज र सरल हुने बताउनुभयो । उहाँले स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रिम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने अवधारणाअन्तर्गत सरकारले ल्याएको सामाजिक सुरक्षाको एक महत्त्वपूर्ण कार्यक्रम स्वास्थ्य बिमा कार्यक्रम रहेको बताउनुभयो । स्वास्थ्य बिमा बोर्डको नमुना स्थानीय तह घोषणा कार्यविधि-२०७८ ले निर्देशित गरेका सम्पूर्ण मापदण्ड पूरा गर्दै कोहलपुर नगरपालिकाले नगर अस्पतालबाट बिमा कार्यक्रम सुरु गरेको जनाएको छ । यसअघि स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध नगरभित्रका नागरिकलाई बैजनाथ गाउँपालिका पुग्नुपर्ने बाध्यता रहेको थियो । बिमा कार्यक्रम सुरु भएपछि अब कोहलपुरसँगै पायक पर्ने अन्य पालिकाका नागरिकलाई समेत सहज हुने भएको छ।

# घोराहीले राजश्व वृद्धि गर्न अभियान चलाउने

■ नमस्ते समचारदाता

दाङ, मंसिर/०९




दाङको घोराही उपमहानगर पालिकाले आन्तरिक राजश्व वृद्धिका लागि एक महिने घुम्ती व्यवसाय दर्ता तथा बहाल कर सङ्कलन अभियान सञ्चालन गर्ने भएको छ। नगरको राजश्व वृद्धिका लागि व्यवसाय तथा बहाल कर महत्त्वपूर्ण हुने भएकाले मङ्सिर १० गतेदेखि लगातार १ महिनासम्म घुम्ती अभियानमार्फत व्यवसाय दर्ता गर्न थालेको हो । घोराहीमा अझैपनि ३५ प्रतिशत बढी व्यवसाय दर्ताबिना सञ्चालन भएको देखिएकाले त्यस्ता व्यवसाय सञ्चालन भएको ठाउँमा पुगेर नै दर्ता गर्ने व्यवस्था गरिएको घोराही उपमहानगर पालिका बजेट तथा राजश्व व्यवस्थापन शाखाका प्रमुख कृष्ण केसीले बताउनुभयो । अभियानमा व्यवसायको पुँजी अनुसार एक वा दुई आर्थिक वर्षको कर लिएर दर्ता प्रक्रियामा ल्याइने छ। बिना दर्ता सञ्चालन भएका व्यवसायहरू दर्ताका लागि राजश्व गस्ती परिचालन, विभिन्न सञ्चार माध्यममार्फत सूचना प्रकाशन तथा प्रसारण, वडा तथा टोलविकास संस्थामार्फत अनुरोध गर्दापनि अटेर गर्ने व्यवसायीहरूको घुम्ती अभियानमार्फत ठाउँको ठाउँ व्यवसाय दर्ता गर्ने र अटेरी गर्नेलाई कानुन बमोजिम कारबाही समेत गरिने शाखा प्रमुख केसीले बताउनुभएको छ। राजश्वका शीर्षक अन्तर्गत व्यवसाय कर, घर बहाल कर र बहाल बटौरी शुल्क सोचे अनुरूप सङ्कलन हुन नसकेको भन्दै यी क्षेत्रलाई ध्यानमा राखेर यस वर्ष कार्यक्रम सञ्चालन गर्न थालिएको बताउनुभयो। घोराहीले चालु आर्थिक वर्ष २०८१-०८२ मा ५५ करोड आन्तरिक राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको छ। लक्ष्य पूरा गर्नका लागि घुम्ती व्यवसाय दर्ता तथा बहाल कर सङ्कलन अभियानले सहयोग गर्ने शाखा प्रमुख केसीले बताउनुभयो । शाखा प्रमुख केसीले भन्नुभयो, "करको दायरामा नआएको व्यवसायीलाई करको दायरामा ल्याउने र उपमहानगरपालिकाको लक्ष्यलाई पुरा गर्ने गरी अभियान सञ्चालन गर्ने तयारीमा छौं।"

## विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अबं तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यारोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# खाद्य व्यवस्था कम्पनीद्वारा बाँकेमा १४ हजार क्विन्टल धान खरिद

नमस्ते समचारदाता
बाँके, मंसिर/०९



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जले हालसम्म बाँकेका किसानहरुबाट १४ हजार क्विन्टल धान खरिद गरेको छ । गत कात्तिक २० गतेबाट धान खरिद सुरु गरेको कम्पनीले हालसम्म १२ हजार ५०० क्विन्टल मध्यम र एक हजार ५०० क्विन्टल मोटो धान गरेर १४ हजार क्विन्टल धान खरिद गरिसकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका प्रमुख रामशरण लामिछानेले जानकारी गराएका छन् । लामिछानेका अनुसार गत वर्षभन्दा १५ दिन अगावैबाट धान खरिद शुरु गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यस वर्ष ३० हजार क्विन्टल मोटा धान र १० हजार क्विन्टल मध्यम गरी ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको छ । धान बिक्रिका लागि ठुलो संख्यामा जिल्लाका किसानले कार्यालयमा आई नाम दर्ता गराएकोले निर्धारित कोटा पुरा हुने जनाउँदै लामिछानेले त्यो भन्दा पनि बढी धान विक्रिका लागि आएमा कोटा समेत थप गर्न सकिने बताए । कम्पनीको गोदाम नजिक चार वटा काँटा लगाएर किसानले ल्याएका धान विहान ६ बजेदेखि बेलुकी ९ बजेसम्म खरिद गर्ने कार्य भइरहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जले जनाएको छ । 'हालसम्म धान बिक्री गर्नका लागि जिल्लाका ५ सय ७२ जना किसानले स्थानीय तहको सिफारिस दर्ता गरिसक्नुभएको छ, अहिलेसम्म सबैभन्दा धेरै राप्तीसोनारी गाउँपालिकाका किसानहरू आउनुभएको छ, त्यसपछि जानकी, नेपालगन्ज, बैजनाथ र डुडुवाबाट पनि किसान आउनुभएको छ ।' लामिछानेले भने । विभिन्न पालिकाका वडा कार्यालयहरुको सिफारिसका आधारमा एक किसानसँग करिब ६० क्विन्टलसम्म धान खरिद गर्ने कार्य भइरहेको कम्पनीले जनाएको छ । गत वर्ष ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको कम्पनीको नेपालगन्ज कार्यालयले विभिन्न कारणले लक्ष्य भन्दा निकै कम धान खरिद गर्न सकेको थियो । तर यस वर्ष भने लक्ष्य पुरा हुने अहिलेनै निश्चित भइसकेको छ । हालसम्म जिल्लाका ३ सय १२ जना किसानले कम्पनीमा पुगेर धान बिक्रि गरेर फर्किसकेका छन् । कम्पनीका अनुसार दैनिक २० देखि ३० जना किसानको करिब ८०० क्विन्टल धान खरिद गर्ने कार्य अहिले भइरहेको छ । गत वर्षभन्दा यस वर्ष सरकारले धानको न्यूनतम समर्थन मूल्य पनि बढाएको र धान खरिद पनि १५ दिन अगाडिबाटै सुरु गरिएको हुँदा लक्ष्य पुरा हुने निश्चित भएको छ । यस वर्ष सरकारले मध्यम धानको समर्थन मूल्य प्रति क्विन्टल ३ हजार ५ सय ८० रुपियाँ ६२ पैसा र मोटो धानको समर्थन मूल्य ३ हजार ४ सय १० रुपियाँ ५१ पैसा कायम गरेर धान खरिद सुरु गरेको हो ।

# उद्यमीहरूका लागि लगानीमैत्री वातावरण बनाइने



नमस्ते समचारदाता
सुर्खेत, मंसिर/०९

कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले उद्यमीहरूका लागि कर्णालीमा लगानीमैत्री वातावरण बनाउन सरकार लागि परेको बताउनुभएको छ । आइतबार दसौँ राष्ट्रिय उद्योग दिवसको अवसरमा सुर्खेतमा आयोजित मूल समारोहमा बोल्दै मन्त्री अधिकारीले यहाँको उत्पादनमा वृद्धि र रोजगारी सिर्जना गर्न लगानीको खाँचो रहेको बताउनुभयो । उहाँले यसका लागि अब बैङ्क तथा वित्तीय संस्थाहरूलाई बोलाएर छलफल चलाउने बताउनुभयो । उहाँले कानुनी जटिलतालाई हटाएर एकीकृत कानन निर्माण गर्ने उल्लेख गर्नुभयो । लघु औद्योगिक ग्राम सुर्खेतका अध्यक्ष उदिराम डाँगीले कर्णालीमा लगानी, पूर्वाधार र प्रविधिको अभाव भएको बताउनुभयो । उहाँले विद्युतको पावरले काम नगर्दा लघु तथा साना घरेलु उद्योगहरू सञ्चालनमा समस्या परेको भन्दै यसलाई समाधान गर्न सरकारको बैलेमा ध्यान जानुपर्ने उल्लेख गर्नुभयो । डाँगीले सर्टिफिकेट भएका मान्छेसँग सीप नभएको तर सर्टिफिकेट नभएका मान्छेहरूको सीप उपयोग गर्ने वातावरण नभएकोले कर्णालीको उत्पादनमा वृद्धि ल्याउन उद्यमी मैत्री लगानीमा ध्यान दिनुपर्ने बताउनुभयो । सुर्खेत उद्योग वाणिज्य सङ्घका अध्यक्ष लक्ष्मण कँडेलले उद्यमशीलता कुनै पनि देशको आर्थिक विकासको मेरुदण्ड भएको बताउनुभयो । कर्णाली लघु तथा घरेलु उद्योगको ठुलो सम्भावना क्षेत्र भएको बताउँदै उहाँले उद्यमशीलताबाट मात्र श्रम, रोजगारी र उत्पादन बढ्ने जनाउनुभयो । उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतका निर्देशक पदम लामिछानेले कर्णालीका विभिन्न प्रकृतिका ४१ हजार उद्योग भएको जनाउँदै उद्यमशील संस्कृति आजको अपरिहार्य आवश्यकता भएको बताउनुभयो । उक्त कार्यक्रममा उद्योग क्षेत्रबाट कर्णालीको उद्यमशील संस्कृति र राष्ट्रको समृद्धिमा योगदान पुऱ्याउने उद्यमीहरूलाई सम्मान गरिएको थियो । वीरेन्द्रनगरको मंगलगडी चौकबाट ऱ्याली लिकालेर बजार हुँदै उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको परिसरमा कार्यक्रम सम्पन्न भएको थियो ।

# लैङ्गिक हिंसाविरुद्धको अभियानमा विविध कार्यक्रम गरिने

नमस्ते समचारदाता
कैलाली, मंसिर/०९




लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको क्रममा कैलाली र कञ्चनपुरका पालिकामा विविध कार्यक्रम गरिने भएको छ । लिङ्गको आधारमा हुने सबैखाले हिंसा अन्त्यका लागि स्थानीय तहहरूमा सचेतनामूलक कार्यक्रम गर्ने भएको हो । हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गरिन्छ । यस वर्ष गैरसरकारी संस्था महासङ्घ सुदूरपश्चिम प्रदेशको नेतृत्वमा २२ वटा गैरसरकारी सङ्घसंस्थाले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गर्ने आज पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ । लैङ्गिक हिंसाविरुद्ध सचेतनाका लागि पालिकाहरूमा अन्तरक्रिया, ऱ्याली, अभिमुखीकरण, घुम्ती शिविर, सडक नाटक लगायतका सचेतनामूलक कार्यक्रम गर्ने जनाइएको छ । अभियानभरि १५३ वटा सचेतनामूलक कार्यक्रम गर्ने र त्यसका लागि अनुमानित २८ लाख १७ हजार बजेट खर्च हुने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । अभियान अवधिभरि कैलालीको १३ र कञ्चनपुरको एक गरी १४ वटा पालिकाहरूमा लैङ्गिक हिंसा अन्त्य सम्बन्धी विविध कार्यक्रम गरिने महासङ्घका अध्यक्ष देवीप्रसाद खनालले जानकारी दिनुभयो । उहाँले लैङ्गिक हिंसा, बाल विवाह, आत्महत्या, लागु हिंसा लगायत विभिन्न हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रम गर्ने उल्लेख गर्नुभयो । सन् १९६० नोभेम्बर २५ मा डोमिनिकन गणतन्त्रका तत्कालीन राफेल ट्रिजुलो तानासाही सरकारले मिरावेल परिवारका तीन साहसी दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको हत्या गरेपछि ल्याटिन अमेरिकी देशमा हिंसाविरुद्धको दिवसको रूपमा मनाउन थालिएको थियो । पछि सन १९९९ मा संयुक्त राष्ट्र सङ्घले यसलाई आत्मसात् गरेर नोभेम्बर २५ को दिनलाई संसारभर नै महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको रूपमा स्थापित गरेको छ । महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवस दिनबाट लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गर्ने गरेको जनाइएको छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६३७०८०५, ९८६१११८१६५ goldengate2075@gmail.com

नेपालीहरुको महान पर्व विजया दशमी शुभ दिपावली तथा छठ पर्व २०७१ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिका बासी कर्मचारी, बुद्धिजिवि, राजनितिकर्मी, पेशा व्यावसायकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण देशबासीहरुमा सुख, शान्तीका साथै उत्तरोत्तर प्रगतिका लागी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सिमकोट गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके